जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ७० | २०७९ साल असोज २४ गते सोमबार (10 Oct 2022 Monday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*





*यस अंक भित्र :* २ पृष्ठमा : प्रधानमन्त्री देउवा प्रतिनिधिसभाका लागि.. ३ पृष्ठमा : हुलाकी सडक सञ्चालनमा... ३ पृष्ठमा : अमेरिकी प्रतिबन्धले...

# जसपा अध्यक्ष यादव र जनमत अध्यक्ष डा. राउत आमनेसामने

## पाँच दलीय गठबन्धनबाट लोसपा नेता ठाकुरको उम्मेदवारी




जसपा अध्यक्ष उपेन्द्र यादवले सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराएपछि मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले मनोनयन पत्र दर्ताको निस्सा हस्तान्तरण गर्दै साथमा सोही पार्टीाट प्रदेशसभा (ख)का उम्मेदवार शैलेन्द्र प्रसाद साह र प्रदेशसभा (क)का उम्मेदवार लक्ष्मण यादव।



जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराएपछि मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले मनोनयन पत्र दर्ताको निस्सा हस्तान्तरण गर्दै साथमा सोही पार्टीबाट प्रदेशसभा (ख)का उम्मेदवार सतिश सिंह र प्रदेशसभा (क)का उम्मेदवार महेश यादव।

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

अगामी मंसिर ४ गते हुने निर्वाचनका लागि आईतवार सप्तरी जिल्लामा विभिन्न राजनीतिक दलले उत्साहपूर्वक उम्मेदवारी दर्ता गराएका छन् ।

सदरमुकाम राजविराज नगरपालिका समेत पर्ने क्षेत्र नं. २ बाट जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउत तथा लोसपाका नेता जयप्रकाश ठाकुरसहित डेढ दर्जनभन्दा बढी उम्मेदवारले प्रतिनिधिसभा सदस्य पदका लागि मनोनयन पत्र दर्ता गराएका छन् ।

यस क्षेत्रमा जनमत पार्टीले कसैसँग गठबन्धन गरेको छैन भने जसपा अध्यक्ष यादव एमालेसँग गठबन्धन तथा ठाकुर काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनका तर्फबाट साझा उम्मेदवारको रुपमा चुनावी मैदानमा उत्रेका हुन् ।

यादव र ठाकुर उम्मेदवारी दर्ताका लागि आ-आफ्नो समर्थकसहित पुगेपनि राउत भने बाजागाजा र ठुलै समर्थकसहित मनोनयन पत्र दर्ताका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए ।

यस क्षेत्रबाट राप्रपा नेपालको तर्फबाट हजरत अली, राप्रपाबाट कैला मंसुरी मियाँ, नेमकिपाबाट देवनारायण यादव, हाम्रो नेपाल पाटीबाट डम्बर नारायण साह,

***बाँकी दुई पृष्ठमा***





सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराउँदै पाँच दलिय गठबन्धनका साझा उम्मेदवार लोसपाका नेता जय प्रकाश ठाकुर (पहिलो तस्बिरमा दायाँ) र बायाँ तर्फ सोही क्षेत्रका प्रदेशसभा (ख) का लोसपाकै उम्मेदवार सरोज मण्डल तथा सोही गठबन्धनबाट नेकपा माओवादी केन्द्रका नेता उमेश यादव प्रदेशसभा (क) कालागि उम्मेदवारी दर्ता गराउँदै ।






मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आइतबार मनोनयन दर्ता गराउन तामझामका साथ जाँदै जसपा र जनमत पार्टीका राष्ट्रिय अध्यक्षहरु । ***तस्बिर : राजविराज दैनिक***

# प्रधानमन्त्री देउवा प्रतिनिधिसभाका लागि डडेल्धुराबाट सातौँ पटक उमेदवारी दिँदै

डडेल्धुरा, २३ असोज (रासस)।

प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आज डडेल्धुराबाट उमदवारी दर्ता गराउँदै हुनुहुन्छ।

उहाँले प्रतिनिधिसभा सदस्यका लागि आज सातौँ पटक उम्मेदवारी दर्ता गराउन लाग्नुभएको हो।

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि प्रधानमन्त्री तथा कांग्रेसका सभापति देउवाले यसअघि जस्तै यसपटक पनि डडेल्धुराबाट नै उम्मेदबारी दिँदै हुनुहुन्छ। प्रधानमन्त्री देउवाको तर्फबाट उहाँकी धर्मपत्नी एवं नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवाले आइतबार अपराह्न २ बजे मनोनयन दर्ता गराउनुहुने नेपाली कांग्रेस डडेल्धुराले जनाएको छ। उम्मेदवारी दर्ताका लागि वारिसनामासहित प्रधानमन्त्री पत्नी डा राणा शनिबार बेलुका नै डडेल्धुरा आइपुग्नुभएको छ।

प्रधानमन्त्री देउवा डडेल्धुराबाट विसं २०४८ मा पहिलो पटक प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो। उहाँ त्यस यताका सबै आमनिर्वाचनहरुमा निर्वाचित हुँदै आउनुभएको छ।

उहाँले प्रतिनिधिसभाका लागि भएको पछिल्लो २०७४ सालको निर्वाचनमा डडेल्धुराबाट नै छैटौँ पटक निर्वाचित हुनुभएको थियो। विसं २०४८ यताका सबै निर्वाचनमा विजयी हुनुभएका देउवा आसन्न निर्वाचनमा पनि डडेल्धुराका जनताको साथ, समर्थन र मायाले आफ्नो इतिहासलाई कायम राख्दै निरन्तरता दिनुहुने प्रधानमन्त्री पत्नी डा आरजु राणा देउवाले बताउनुभयो।

उहाँले भूगोलमा मात्र नभएर विकासमा नै पछि परेको सिङ्गो सुदूरपश्चिम क्षेत्रको सामाजिक, आर्थिकलगायत समग्र उन्नयनमा नेपाली कांग्रेसको एक प्रतिनिधिका रुपमा शेरबहादुर देउवाले आफ्नो राजनीतिक जीवनमा पुऱ्याउनुभएको उल्लेखनीय योगदानको स्मरण गरी उहाँलाई आगामी निर्वाचनमा पनि यहाँका नागरिकले पहिले जस्तै न्याय गर्नेमा आफू ढुक्क रहेको धारणा राख्नुभयो।

यसअघि विसं २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७४ मा भएका निर्वाचनमा डडेलधुराबाट विजयी देउवा विसं २०६४ मा कञ्चनपुर( ४ र २०७० मा कैलाली- ६ बाट पनि विजयी हुनुभएको थियो।

उहाँ विसं २०४८ मा सांसद बनेपछि गृहमन्त्री हुनुभएको थियो। सिं २०५१ को मध्यावधि निर्वाचनपछि बनेको मनमोहन अधिकारी नेतृत्वको सरकार अल्पमतमा परेपछि २०५२ सालमा देउवाको नेतृत्वमा नै सरकार गठन भएको थियो।

त्यसपछि २०५९, २०६१, २०७४, २०७८ मा गरी उहाँ पाँच पटक प्रधानमन्त्री हुनुभएको छ। आगामी मङ्सिर ४ गतेको निर्वाचनमा भने देउवालाई हालको सत्ता साझेदार गठबन्धनको पनि समर्थन रहेको छ। देउवासँगै तीन पटक प्रतिस्पर्धा गरेका नेकपा माओवादीका खगराज भट्ट अहिले प्रदेशसभाका लागि गठबन्धनबाटै चुनाव लड्दै हुनुहन्छ।

डडेल्धुरा जिल्ला जहिले पनि प्रजातन्त्रका पक्षमा उभिएकाले प्रतिनिधिसभा र प्रदेशसभा गरी तीनवटै क्षेत्रमा अहिले पनि गठबन्दनका नेताले जित हासिल गर्ने कांग्रेसका जिल्ला सभापति भीमबहादुर साउँदले बताउनुभयो।

उहाँले प्रधानमन्त्री शेरबहादुर देउवाले डडेल्धुरामात्र नभएर सिङ्गो सुदूरपश्चिमको विकासमा आफ्नो जीवनकाल खर्चिनुभएकाले उहाँले उम्मेदवारी दिएपछि यहाँका नागरिकमा अर्को कुनै विकल्प नहुने धारणा राख्नुभयो। नेपाली कांग्रेसलगायत सत्ता गठबन्धन दलले उम्मेदवारी दर्ताको समय आइतबार २ बजेका लागि तय गरिएको जनाएका छन्।

# प्रत्यक्षतर्फ मनोनयनपत्र दर्ता सम्पन्न, महिलाको संख्या न्यून

काठमाडौँ, २३ असोज (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ आइतबार उम्मेदवारहरूको मनोनयनपत्र दर्ता उत्साहजनक तथा शान्तिपूर्णरूपमा सम्पन्न भएको छ। दर्ता भएका उम्मेदहरूमा महिलाहरूको संख्या न्यून रहेको छ।

मनोनयनपत्र दर्ता कार्यक्रम सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा भएको हो। दर्ताका लागि बिहान १० बजेदेखि सुरु भएर अपराह्न ५ बजेसम्म तोकिएकोमा उक्त समयभित्र सम्बन्धित निर्वाचन कार्यालयमा उपस्थित भएका कतिपय उम्मेदवारहरूको दर्ता कार्य साँझसम्म जारी रहेको थियो। कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा सञ्चार सम्पर्क सहज नभएकाले यकिन विवरण प्रविष्ट हुन बाँकी रहेको निर्वाचन आयोगले जनाएको छ।

आयोगको सूचना प्रणालीमा साँझसम्म प्रविष्ट भएका आधारमा प्रतिनिधिसभाअन्तर्गत देशभर एक हजार नौ सय ३७ पुरुष र एक सय ९१ महिला गरी कूल दुई हजार एक सय २८ उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गर्नुभएको छ। प्रदेशसभातर्फ दुई हजार छ सय पुरुष, दुई सय ४४ महिला र एक अन्य गरी दुई अजार आठ सय ४५ जनाको उम्मेदवारी दर्ता भएको छ।

सोमध्ये प्रदेश नं १ मा चार सय ४५ पुरुष, ४९ महिला गरी चार सय ९४, मधेश प्रदेशमा सात सय ११ पुरुष, ५५ महिला र एक अन्य गरी सात सय ६७, बागमती प्रदेशमा पाँच सय ६१ पुरुष, ७४ महिला गरी छ सय ३५, गण्डकी प्रदेशमा एक सय ९९ पुरुष, २९ महिला गरी दुई सय २८, लुम्बिनी प्रदेशमा चार सय १४ पुरुष, २३ महिला गरी चार सय ३७, कर्णाली प्रदेशमा ७९ पुरुष, दुई महिला गरी ८१ र सुदुरपश्चिम प्रदेशमा एक सय ९१ पुरुष, १२ महिला गरी दुई सय तीन उम्मेदवारले प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दर्ता गर्नुभएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

दर्ता भएका उम्मेदवाहरूको सूची आइतबारै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले प्रकाशन गर्ने कार्यक्रम रहेको छ। भोलि असोज २४ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता भएका कुनै पनि उम्मेदवारविरुद्ध सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिन सकिने कार्यक्रम रहेको छ।

हालैका दिनमा अविरल वर्षा, बाढी पहिरोलगायतका विपद्जन्य घटनाका कारण कतिपय स्थानमा आवतजावतमा समेत कठिनाइ भएका कारण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पुगी मनोनयन दर्ता गर्न नसक्ने उम्मेदवारहरूका हकमा आयोगले सहजीकरण गरेको थियो। सम्बन्धित दलले उम्मेदवार मनोनयन गरेको औपचारिक पत्र, प्रतिनिधि मुकरर गरिएको पत्रलगायत आवश्यक कागजात आयोग तथा आयोगअन्तर्गतका निर्वाचन कार्यालयले बुझी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाई सहजीकरण गरिएको हो।

***जसपा...***

नेपाल राष्ट्र स्वतन्त्र पार्टीबाट बरुण झा लगायत आधा दर्जन स्वतन्त्र उम्मेदवारगरि १६ जनाले मनोनय पत्र दर्ता गराएका छन्।

यस्तै यस क्षेत्रको प्रदेशसभा सदस्य पदका लागि (क) बाट नेकपा-जसपा गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका अर्थमन्त्रीसमेत रहेका शैलेन्द्र साह, काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनका तर्फबाट लोसपाका सरोज मण्डल लगायतले उम्मेदवारी दिएका छन्।

त्यस्तै राप्रपाका जयनारायण मण्डल, नेमकिपाबाट मिना देवी यादव र स्वतन्त्र धिरेन्द्र कुमार साह लगायत १७ जनाले उम्मेदवारी दिएका छन्।

यसै क्षेत्रको प्रदेशसभा (ख) बाट सदस्य पदका लागि एमाले-जसपा गठबन्धनबाट जसपका लक्ष्मण यादव, काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनबाट पूर्वमन्त्री माओवादीका उमेश यादव, जनमत पार्टीबाट महेश यादव लगायतले उम्मेदवारी दिएका छन्।

माओवादी केन्द्रका मधेश प्रदेश कमिटि सदस्य रहे पनि टिकट नपाएपछि महेश यादव एक दिनअघि मात्र जनमत पार्टीमा प्रवेश गर्दै चुनावी मैदानमा होमिएका हुन्।

त्यस्तै यसै क्षेत्रबाट राप्रपाका फुलेन्द्र मण्डल, राप्रपा नेपालका फुदनलाल खंग र नेमकिपाका महिदेव प्रसाद चौधरी तथा स्वतन्त्रमा खेलानन्द दास लगायत १४ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै जिल्लाको १ नम्बर क्षेत्रबाट प्रतिनिधिसभा सदस्य पदका लागि एमाले-जसपा गठबन्धनबाट जसपाका नवलकिशोर साह, काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनबाट काँग्रेसका रामदेव साह र जनमत पार्टीका तर्फबाट चन्द्र नारायण यादवले मनोनय पत्र दर्ता गराएका छन्।

जिल्लाको ३ नम्बर क्षेत्रबाट एमाले-जसपा गठबन्धनको तर्फबाट एमालेका ताराकान्त चौधरी, काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनबाट काँग्रेसका दिनेश कुमार यादव र जनमत पार्टीबाट अनिस अन्सारीले प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै क्षेत्र नम्बर ४ बाट एमाले-जसपा गठबन्धनबाट जसपाका बालकिशोर यादव, काँग्रेस-माओवादी-लोसपा-एकिकृत समाजवादी गठबन्धनबाट काँग्रेसका तेजुलाल चौधरी र जनमत पार्टीका तर्फबाट सुकदेव साहले उम्मेदवारी दर्ता गराएका छन्। मुख्य दलहरुबाट प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदमा प्रत्यक्ष तर्फ कसैले पनि महिला उम्मेरलाई टिकट नदिदा महिला उम्मेदवारी शुन्य भएको छ।

जिल्ला निर्वाचन कार्याला प्रमुख रमेश कुमार जोशीले प्रदेश र प्रतिनिधिसभाका लागि जिल्लाको चार वटै क्षेत्रबाट दुई सय भन्दा बढीले मनोनयन पत्र दर्ता गरेको बताए। तथ्यांक सबै आई नसकेकाले संख्या अझै थपिने उनले बताए। साँझसम्म उम्मेदवारी दर्ताका लागि लाममा रहेकाले यकिन तथ्यांक दिन समय लाग्ने उनको भनाइ छ।

जिल्लामा प्रतिनिधिसभाका ४ र प्रदेश सभाका ८ गरी प्रत्यक्ष तर्फ १२ पदका लागि निर्वाचन हुदैछ। निर्वाचनका लागि जिल्लामा नयाँ थपिएको ९ हजार १ सय १४ सहित कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता छन्। यसमध्ये पुरुष २ लाख १७ हजार दुई सय ८२, महिला २ लाख १ हजार ७१ र अन्य २१ जना मतदाता छन्। निर्वाचनका लागि जिल्लामा कुल ५ सय ३६ मतदान केन्द्र तोकिएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# हुलाकी सडक सञ्चालनमा पुल बाधक

गोलबजार, २३ असोज (रासस) ।

सिरहा–धनुषा–सप्तरी खण्डमा करिब ९० प्रतिशत हुलाकी सडक कालोपत्र भएसँगै त्यस क्षेत्रमा सहरीकरण तीव्ररुपमा हुन थालेको छ । सडकमा कालोपत्र भएपछि प्रत्येक किलोमिटरमा नयाँ चोक निर्माण भएको छ भने कतिपय पुरानो बजारले नयाँ स्वरुप लिएका छन् भने कतिपय सुनसान बनेका छन् ।

सप्तरीमा बोदे बर्साइन बजार, डिमन, पथरगडा, अर्नाहा, चन्ही चौक सिरहमा भगवानपुर, सोनबर्षा, बरयारपट्टी, औरही, सनहैठा, धनुषमा कमला, तिनकोरिया, लगमा, सघरा, औरही, भेललगायतका बजार क्षेत्रमा तीब्र गतिमा विकास भइरहेको छ ।

सहर विस्तारसँगै सडक क्षेत्रको जग्गाको मूल्य आकासिएको छ । सप्तरीका बलान बिहुल गाउँपालिका–२ चन्ही चौकमा १२ वर्षअघि कट्ठाको रु एक लाख ५० हजार पर्ने जग्गा अहिले कट्ठाको ४० लाख रुपैयाँमा करोबार भइरहेको स्थानीय रामशङ्कर भण्डारीले बताउनुभयो । यस्तै कमला नगरपालिका वडा–४ सघरा बजार १५ वर्ष अगाडि कट्ठाको रु एक लाखमा पाइने जग्गा अहिले रु ६० लाख पर्न थालेको स्थानीय पमेश्वर दासले बताउनुभयो ।

विदेह नगरपालिका–६ तिनकौरिया बजारमा पनि १२ वर्षअघि रु ५० देखि ६० हजारमा पाइने एक धुर जग्गा अहिले रु १३ लाखसम्ममा बिक्री हुन थालेको स्थानीय किशोर मण्डलले जानकारी दिनुभयो ।

मधेसको समृद्धिको संवाहक मानिएको यो सडक सुक्खा मौसममा धुलाम्मे र वर्षातमा हिल्लाम्मे हुने गर्दथ्यो । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको हुलाकी सडकमा पर्ने बजारको विकास भएसँगै ग्रामीण जनताको जीवनस्तर पनि उकासिएको छ ।

बजार विस्तारसँगै स्थानीय उपभोक्तालाई किनमेल गर्न सहज भएको छ । किनमेल गर्न लहान जानुपर्ने अवस्थाको अन्त्य भएको भगवानपुर गाउँपालिकाका जयनारायण यादवले बताउनुहुन्छ । "पहिला–पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीँभित्र स–साना पसल हुन्थ्यो", बरियारपट्टीका शङ्कर साहले भन्नुभयो, "तर अहिले सडक फराकिलोसँगै ठूलठूला पक्की भवन र डिपार्टमेन्ट स्टोरहरु खुलेका छन् ।"

**पुल नबन्दा सडक सञ्चालन हुन सकेन**

सडक कालोपत्र गरिए पनि विभिन्न ठाउँमा बन्नुपर्ने पक्की पुलको निर्माण कार्य सम्पन्न हुन नसक्दा सडक सञ्चालनमा आउन सकेको छैन । सिरहामात्र होइन सप्तरी–धनुषाको ग्रामीण क्षेत्रको विकासमा अहिले सकमा पर्ने पुल बाधक बनेको छ । कमला, गागनलगायत केही नदीमा पुल निर्माणको काम पूरा नहुँदा तीनवटै जिल्लाका ग्रामीण क्षेत्र विकासमा पछि परेको छ ।

सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुल भत्किएको एक वर्षभन्दा बढी भइसक्दा पनि पुनःनिर्माण भएको छैन । यसले गर्दा अस्थायी पुलमा जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु परेको छ । सिरहा सदरमुकामबाट हुलाकी सडक भएर जनकपुरधाम पुग्न करिब ४५ मिनेट लाग्छ । तर, राजमार्ग भएर जनकपुरधाम पुग्न झण्डै तीन घण्टा लाग्छ । राजमार्गको दूरी लामो, गाठीको चाप भएकाले धेरै मानिस जोखिम मोलेरै जनकपुरधाम पुग्न हुलाकी सडक रोज्छन् ।

कमला नदीमा चार सय ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ पुल निर्माणका लागि २०६८ सालमै पप्पु लुम्बिनी बिल्डर्सले २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का लिएको थियो । केही काम गरी सो कम्पनीले काम नगरेपछि सम्झौता रद्द गरी २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनलाई जिम्मा दिइयो । एक वर्षअघि असारमा पहिलो पुल हस्तान्तरण गर्ने भनी निर्माण कम्पनीले तैयारी गरिरहँदा २०७८ असार १७ गते सामान्य बाढीले खम्बा भासियो र ढलानसमेत खस्यो । सरकारले पुल पुनर्निर्माण गर्न निर्देशन दिए पनि ठेकेदार कम्पनीले वास्ता गरेको छैन ।

हुलाकी सडक आयोजना जनकपुरधामका प्रमुख इञ्जिनीयर कृष्णा महतो भन्नुहुन्छ, "ठेक्का लिएकै कम्पनीले पुनःनिर्माण गर्छ । वर्षायाममा अर्को डिजाइन तयार पार्ने र हिउँदबाट काम सुरु गर्ने भनेको थियो । अब काम सुरू हुन्छ ।" यस्तै सिरहाको औरही गाउँपालिका–५ गागन नदीमा हिराचन रोशन कन्स्ट्रक्सन प्रालिमार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम कछुवा गतिमा बढ्दा स्थानीयवासी निराश बनेका छन् ।

सिरहा जिल्लामा बलान पुलदेखि कमला पुल २९.८८ किलोमिटर, सप्तरी जिल्लामा कञ्चनरुपदेखि बलान पुलसम्म ३२ किलोमिटर, धनुषा जिल्लामा कमला पुलदेखि जनकपुरधामसम्म २७ किलोमिटर हुलाकी सडक खण्ड पर्दछ । राष्ट्रिय महत्वको यस आयोजना लामो समयसम्म पूर्ण नहुँदा तराई–मधेस क्षेत्रको आर्थिक विकासले गति लिन सकेको छैन ।


**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

**अध्यक्ष, तथा**

**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**

**संचालक समिति परिवार**

**राजविराज ८, सप्तरी**


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# विश्व समाचार

## अमेरिकी प्रतिबन्धले नागरिकको स्वास्थ्यमा असर गरेको इरानको दाबी

तेहरान, २३ असोज (रासस/सिन्ह्वा) ।

संयुक्त राज्य अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्धका कारण सबै इरानी नागरिकको जीबिकोपार्जन, रोजगारी र स्वास्थ्यमा असर परेको इरानले दावी गरेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीले वासिङ्टनले लगाएको अन्धाधुन्ध प्रतिबन्धका कारण इरानी अधिकारी र सर्वसाधारणसमेत निशानामा परेको र यसले उनीहरूको जीवकोपार्जन, रोजगारी र स्वास्थ्यमा असर पारेको बताउनुभएको छ । कनानीले इन्स्टाग्राममार्फत गरेको सन्देशमा लेख्नुभएको छ, "हरेक दिन एउटा बहानामा इरानविरुद्ध प्रतिबन्धको नयाँ सूची जारी गरिन्छ । यस पटक इरानी गृहमन्त्री, सञ्चारमन्त्री र अन्य पाँच इरानी अधिकारीलाई अमेरिकी सरकारले प्रतिबन्ध लगाएको छ ।

एपिडर्मोलिसिस बुलोसा (ईबी)बाट पीडित बालबालिकासमेतलाई 'एकपक्षीय, गैर–कानुनी, अन्यायपूर्ण प्रतिबन्ध'बाट छुट दिइएको छैन । बिहीबार अमेरिकी वित्त विभागले राजधानी तेहरानमा प्रहरी हिरासतमा एक युवतीको मृत्यु पछि 'विरोध प्रदर्शनलाई दबाएको' भन्दै इरानका आन्तरिक तथा सञ्चार मन्त्री क्रमशःअहमद वाहिदी र इसा जारेपोर तथा अन्य पाँच इरानी सुरक्षा अधिकारीहरूविरुद्ध नयाँ प्रतिबन्ध जारी गरेको थियो ।

## उत्तर कोरियाद्वारा थप क्षेप्यास्त्र परीक्षण, दुई साताामा सातौं क्षेप्यास्त्र प्रक्षेपण

सियोल, २३ असोज (रासस/एएफपी) ।

आणविक शक्ति सम्पन्न अमेरिकी विमानवाहक पोतले कोरियाली प्रायःद्वीपमा संयुक्त अभ्यास सम्पन्न गरेको केही घण्टापछि उत्तर कोरियाले आइतबार बिहानै दुई ब्यालेस्टिक क्षेप्यास्त्र समुद्रमा प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । सियोल, टोकियो र वासिङ्टनले हालैका हप्ताहरूमा संयुक्त नौसैनिक अभ्यास बढाएपछि प्योङयाङ रिसाएको थियो । उत्तर कोरियाले अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्छ र क्षेप्यास्त्र प्रक्षेपणलाई आवश्यक 'प्रतिकार'को रूपमा सही विकल्प मान्छ ।

लामो समयदेखि वार्ता ठप्प भएपछि प्योङयाङले गत साता जापानमाथि मध्यमदूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्दै प्रतिबन्धित हतियार कार्यक्रमलाई दोब्बर बनाएको छ भने अधिकारी र विश्लेषकले अर्को आणविक परीक्षणको तयारी पूरा भएको चेतावनी दिएका छन् । दक्षिण कोरियाली सेनाले आइतबार भनेको छ, "ग्रीनवीच समयअनुसार १६:४८–१६:५८ को १० मिनेटको अन्तरालमा काङवोन प्रान्तको मुनचोन क्षेत्रबाट पूर्वी सागरतर्फ प्रहार गरिएका दुईवटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र फेला परेका छन् ।"

सियोलका 'ज्वाइन्ट चिफ्स अफ स्टाफ'ले एक विज्ञप्ति जारी गर्दै क्षेप्यास्त्र '९० किलोमिटरको उचाइमा करिब ३५० किलोमिटर (२१७ माइल) उडेको' बताएका छन् । टोकियोले पनि क्षेप्यास्त्र प्रक्षेपणको पुष्टि गरेको छ भने तटरक्षक बलले ती क्षेप्यास्त्र जापानको विशेष आर्थिक क्षेत्रभन्दा बाहिर खसेको बताएको छ ।

जापानका वरिष्ठ उप–रक्षामन्त्री तोशिरो इनोले टोकियोले ती क्षेप्यास्त्रको विश्लेषण गरिरहेको बताउँदै तीमध्ये कुनै एक पनडुब्बीबाट प्रक्षेपण हुने ब्यालेस्टिक क्षेप्यास्त्र (एसएलबीएम) हुनसक्ने सम्भावना रहेको बताए । सियोलले गत महिना उत्तर कोरियाले एसएलबीएम प्रहार गर्ने तयारी गरिरहेको सङ्केत फेला परेको बताएको थियो । अमेरिकी सेनाको इन्डो–प्यासिफिक कमाण्डले एक विज्ञप्ति जारी गर्दै आफूहरुले आफ्ना सहयोगी र साझेदारसँग नजिकबाट परामर्श गरिरहेको र यो प्रक्षेपणले उत्तर कोरियाको क्षेप्यास्त्र कार्यक्रमको 'अस्थिर' प्रकृतिलाई उजागर गरेको जनाएको छ ।

## रुसी आक्रमणमा कम्तीमा सत्रको मृत्यु

किभ, २३ असोज (रासस/एएनआई) ।

युक्रेनको जापोरिज्जिया क्षेत्रमा शनिबार रकेट प्रहार हुँदा कम्तीमा १७ जनाको मृत्यु हुनुको साथै अन्य ४० जना घाइते भएका छन् । जापोरिज्जियाका कार्यवाहक मेयर अनातोली कुर्तेभले आक्रमणमा पाँचवटा घर ध्वस्त भएको र अपार्टमेन्ट भवनमा क्षति पुगेको बताउनु भएको सीएनएनले जनाएको छ । यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले शनिबार राष्ट्रका नाममा सम्बोधन गर्दै पूर्वी डोनेट्स्क क्षेत्रको बाख्मुत सहर वरपर भीषण युद्ध भइरहेको बताउनु भएको थियो ।

व्यापक क्षेत्रको एक भाग रुसी सेनाद्वारा कब्जा गरेको छ । रुसले युक्रेनका चार क्षेत्र डोनेस्क, लुहान्स्क, जापोरिज्जिया र खेरसन क्षेत्रलाई गाभेको घोषणा गरेपछि मस्को र किभबीचको युद्ध चर्किएको छ । रुस र युक्रेनबीचको युद्ध नयाँ चरणमा प्रवेश गरेको छ । किभले मस्कोको कब्जामा ठूलो धक्का दिएपछि यसले देशको दक्षिणी भागमा रहेको खेरसन क्षेत्रको २४ सय वर्ग किलोमिटर क्षेत्र फिर्ता लिएको एक वरिष्ठ युक्रेनी अधिकारीले शुक्रबार सीएनएनलाई जनाएको छ ।

# मधेस प्रदेशमा २९ लाख मतदाता

सप्तरी, २३ असोज (रासस)।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मधेस प्रदेशमा २९ लाख १० हजार २३ मतदाताले मतदान गर्न पाउने भएका छन् ।

आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने व्यवस्था भएअनुसार मधेस प्रदेशमा २९ लाख १० हजार २३ मतदाता रहेको आयोगका उपसचिव एवम् सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो ।

साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका १८ वर्ष उमेर पुगेका उनीहरूले आठ जिल्लाको ३२ प्रतिनिधिसभा सदस्य र ६४ प्रदेशसभाका लागि मङ्सिर ४ गते मतदान गर्न पाउनेछन् । जस्मा १३ लाख ३२ हजार ६ सय ४० महिला, १५ लाख ७७ हजार तीन सय १७ पुरुष र ६६ जना अन्य मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ ।

मतदाता नामावली सङ्कलन भएअनुसार मधेस प्रदेशमा सबैभन्दा बढी बारामा एक लाख ९१ हजार चार सय ९० महिला, दुई लाख ३१ हजार आठ सय २६ पुरुष र ११ अन्य गरी चार लाख २३ हजार तीन सय २७ मतदाता छन् । सबैभन्दा कम महोत्तरीमा एक लाख ५४ हजार सात सय ८७ महिला, एक लाख ८१ हजार तीन सय सात पुरुष र एक अन्य गरी तीन लाख ३६ हजार ९५ मतदाता छन् ।

यसैगरी सप्तरीमा दुई लाख एक हजार ७१ महिला, दुई लाख १७ हजार दुई सय ८२ पुरुष र २१ अन्य गरी चार लाख १८ हजार तीन सय ७४, सर्लाहीमा एक लाख ८७ हजार आठ सय ३७ महिला, दुई लाख २५ हजार तीन सय २९ पुरुष र आठ अन्य गरी चार लाख १३ हजार एक सय ७४ मतदाता छन् ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम रहेको धनुषा जिल्लामा एक लाख ९३ हजार एक सय चार महिला, दुई लाख १६ हजार आठ सय ७५ पुरुष र ६ अन्य गरी चार लाख नौ हजार नौ सय ८५, रौतहटमा एक लाख ८५ हजार ४६ महिला, दुई लाख २२ हजार नौ सय ४५ पुरुष र एक अन्य गरी चार लाख सात हजार नौ सय ९२ मतदाता छन् ।

सिरहामा एक लाख ६९ हजार सात सय ७२ महिला, एक लाख ९४ हजार तीन सय ४३ पुरुष र दुई अन्य गरी कूल तीन लाख ६४ हजार एक सय १७ तथा पर्सामा एक लाख ५१ हजार आठ महिला, एक लाख ९४ हजार नौ सय चार पुरुष र १६ अन्य गरी तीन लाख ४५ हजार नौ सय २८ मतदाता छन् ।

आयोगका अनुसार देशभरि ८८ लाख ४७ हजार पाँच सय ७९ महिला, ९१ लाख ४० हजार आठ सय ६ पुरुष र एक सय ८५ अन्य गरी एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता रहेका छन् ।

निर्वाचन आयोगले गत स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी गराएको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आएको थियो ।

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली सङ्कलन सुरु गरेको थियो । सरकारले गत साउन १९ गते आगामी मङ्सिर ४ गतेका लागि देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ ।



जसपाका नेता तथा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले सप्तरी क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराएपछि क्षेत्र नं. १ का निर्वाचन अधिकृत घनेन्द्र अधिकारीले मनोनयन पत्र दर्ताको निस्सा हस्तान्तरण गर्दै ।
*तस्बिर : सामाजिक संजाल*

# कसैले गठबन्धन बिरुद्ध स्वतन्त्र त कसैले पार्टीकै आधिकारिक उम्मेदवार भन्दै मनोनयन दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरीमा गठबन्धन बिरुद्ध विभिन्न दलहरुबाट उम्मेदवारी परेको छ भने कसैले दल परित्याग गरि स्वतन्त्र उम्मेदवारी समेत दिएका छन् ।

पाँच दलिय गठबन्धनबाट सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ बाट माओवादी केन्द्रका नेता अशोक मण्डल अमरले स्वतन्त्र रुपमा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् ।

त्यस्तै जिल्लाको क्षेत्र नं. ४ को ख बाट जसपाका नेता अनिरुद्ध कुमार सिंह यादवले गठबन्धन बिरुद्ध स्वतन्त्र रुपमा प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएका छन् । त्यस्तै सोही क्षेत्रको ख बाट प्रदेशसभा सदस्यमा एमालेकी नेत्री ललिताकुमारी लताले स्वतन्त्र उम्मेदवारी दिएकी छिन् ।

यसैगरि पाँच दलिय गठबन्धन बिरुद्ध क्षेत्र नं. ३ को ख बाट लोसपाका नेता गजेन्द्र कुमार मण्डलले पार्टीकै आधिकारिक उम्मेदवार बन्दै प्रदेशसभा सदस्यमा मनोनयन दर्ता गराएका छन् । यस्तै क्षेत्र नं. १ को क बाट गठबन्धन बिरुद्ध लोसपाको उम्मेदवार बन्दै तुलसी थारुले पनि उम्मेदवारी दिएका छन् ।



नेपाली काँग्रेसका नेता तेजुलाल चौधरीले सप्तरी क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यमा मनोनयन दर्ता गराएपछि मनोनयन पत्र दर्ताको निस्सा देखाउँदै ।
*तस्बिर : सामाजिक संजाल*

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*